**मास्टर**



- दल बहादुर गुरुङ

बूढी आमैको कम्मर दुख्दा

पटुकी किन्दिन नसक्ने निम्छरो मास्टर म !

बाबाको आस्कोट फाट्दा

कुन्नि कसले केके हेरे झैं हेर्ने मूकदर्शक मास्टर म

पीडैपीडाले सधैं आँसु बगाउने श्रीमतीलाई

आँसु पुच्छ्ने रुमाल किन्दिन नसक्ने विचरो मास्टर म !

मैले कसैगरी,

न बाबा आमाका दुःख विर्साउन सकें

न श्रीमती र छोराछोरीका आवश्यकता पूरा गर्न सकें

खर्च र खाँचोको डीलमा उभिएर

हाँस्न नसक्ने रुञ्चे मास्टर म !

खोइ ! आज आफैले आफैलाई प्रश्न गरि रहेको छु

म किन र कसका लागि बाँचि रहेछु ?

बूढाबूढी बाआमाले चारधामका तस्वीर देखाउँदा

आँखा चिम्म गरेको छु मैले

छोराछोरी, खरायोका बच्चा सरी  उफ्रिदै

नानाचाचाभन्दा कान बन्द गरेको छु मैले

श्रमितीले दुःखको पोको फुकाउन नभ्याउँदै

सक्दो प्रयास गरेकै छु भनेर म टक्टकिएको छु म

अब मैले मुख फोरेर भनैपर्छ-

आमा,तपाइँले बाध्यताको पटुकीले कम्मर कस्ने बानी पार्नुस्

विवशताको आस्कोटले आङ् ढाक्ने कोशिश गर्नुस् बाबा

जीवनसंगीनी,आँसुको मुहान आफै् थुन्ने प्रयास गर

खोइ ! के लाग्दो रहेछ र ?

भरियाभन्दा भारी ठूलो भएपछि

डुङ्गाभन्दा यात्री धेरै भएपछि

त्यसैले आज,

अन्यथा कसैमा नहोस्

पीरै पीरको पखेरोमा अक्षरको पोको बोकेर

शब्द र वाक्यको तीर्थ जाँदैछु ।

दोभान गाविस ६ दोभान, पाल्पा

सम्पर्क नं.९८५७०३३०६३

मेल daujsahila@gmail.com